# माण्डु हाइड्रोपावर लि.

**१३औ वार्षिक साधारण सभाको निर्णय**
**दर्ता नं. १३३७**

स्थान/ Venue : नेपा बैंक्वेट,नयाँबजार, काठमाडौं
माध्यम/ Medium : भौतिक उपस्थिति तथा विघुतीय माध्यम
मिति / Date: २०८१।०६।१४
समय / Time : १०:०० बजे

**उपस्थिति :**

1. Mr. Rabindra Lal Shrestha -Chairman
   (Independent)
2. Ms. Sophia Pande' -Director
   (Representative, Himalayan Infrastructure Fund Ltd.)
3. Mr. Tian Jiayuan -Director
   (Representative, Sichuan Hechuan Investment Co. Ltd.)
4. Mrs. Zhu Xianxian
   (Representative, Sichuan Hechuan Investment Co. Ltd.) -Director
5. Mr. Barun Shrestha
   (Public) -Director

**गणपूरक संख्या:**

| उपस्थित | प्रतिशत् (%) |
|---|---|
| संस्थापक शेयरधनी स्वयं उपस्थित | ६५.२० |
| संस्थापकको तर्फबाट प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित | ८.१३ |
| र्सवसाधारण शेयरधनीको तर्फबाट स्वयं उपस्थित | ०.१२ |
| र्सवसाधारणको तर्फबाट प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित | - |
| कूलशेयर संख्याको उपस्थित प्रतिशत | ७३.४७ |

**सभाको वैधानिकता**

आज बसेको यस कम्पनीको १३औ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री रविन्द्र लाल श्रेष्ठज्यूको अध्यक्षतामा वसेको वैठकमा सर्वप्रथम अध्यक्ष ज्यूले संचालक, शेयरधनी तथा अन्य उपस्थीत महानुभावहरुलाई कम्पनीको यस बार्षिक साधारण सभामा स्वागत गर्नुभयो ।

सभाको विषय सुचिमा प्रवेश गर्न अगाडी अध्यक्षज्यूबाट मिति २०८१ आश्विन ११ गते शुक्रवारको दिन देखि परेको भिषण अविरल वर्षाको कारणले मुलुकको विभिन्न स्थानमा आएको बाढी तथा पहिरोले अपुरणिय क्षति

MANDU HYDROPOWER LTD. Regd. 1337/68/069

व्यहोर्नु परेकोमा दुख व्यक्त गर्दै यस आयोजना पनि उत्त दैविय प्रकोप बाट प्रभावित भएको तथा आयोजना स्थलमा आएको बाढी तथा पहिरोले यस अयोजनाको हेड वर्क्स तथा पावर हाउसमा क्षति गर्दै काबु बाहिरको परिस्थिति उत्पन्न भई प्लान्ट संञ्चालन अवरुद्ध भएको र विद्युत प्रवाह हुन नसकेको जानकारीको गराउनु भयो । साथै यस सम्बन्धी पूर्ण क्षतिको विवरण संकलन गर्ने तथा मर्मत संभार जति सक्दो चांडै गरि विद्युत उत्पादन सुचारु गर्न यस आयोजनाका कर्मचारीहरु आयोजना स्थलमा परिचालन गरि सकिएको जानकारी पनि सभालाई जानकारी गराउनु भयो । यो संगै आज भोलि सम्ममा विज्ञहरुको टोलिले पनि आयोजना स्थलको निरिक्षण गरि निर्माण कार्य कसरी अगाडी बढाउने भन्ने बारे सुझावहरु संकलन गरिने व्यहोरा उल्लेख गर्नु भयो ।
यसरी हुन गएको भौतिक क्षति को विमा गरिएको तथा ६ महिना सम्मको विकिबाट हुने आम्दानीको पनि विमा गरिएको जानकारी गराउँदै यसबाट कंम्पनीलाई पर्ने थप आर्थिक भार बाट धेरै हदसम्म राहतहुने विश्वास व्यत्त गर्नु भयो । साथै यस विपत्तको घडीका हामीलाई साथ तथा सहानुभुति दिनुहुने सम्पूर्णमा हार्दिक धन्यवाद दिंदै यस आयोजनाका कर्मचारीहरु, यस्तो विपदको घडीमा पनि आयोजना स्थल तथा कार्यलयमै रहि गर्नुभएको योगदान को सह्राना गर्दै हार्दिक धन्यवाद दिनु भयो ।

मिति २०८१/०५/२० गतेको यस कम्पनीको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको आ.व. २०८०/०८१ को बार्षिक आर्थिक बिवरण, संचालकको प्रतिबेदन, दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र बार्षिक साधारण सभामा पेश हुने प्रस्तावहरु शेयरधनीहरुको Email ठेगानामा पठाईको साथै उपरोक्त बमोजिम यस कम्पनीको आ.ब. २०८०/०८१ को बार्षिक साधारण सभामा सबै शेयरधनीहरूलाई भाग लिनका लागि मिति २०८१/०५/२३ र २०८१/०५/२६ गतेको राष्ट्रिय दैनिक पत्रिका "कारोवार" मा वार्षिक साधारण सभामा प्रस्तुत हुने प्रस्तावको व्यहोरा समेत उल्लेख गरी सूचना प्रकाशन गरिएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा कम्पनीको स्वीकृत नियमावली बमोजिम गणपूरक संख्या पुगेको र सभाको कार्वाहीका लागि वैधानिकाता ठहर गर्दै साधारण सभाको विषय सूचिमा प्रवेश गरी देहाय अनुसार छलफल तथा निर्णय गरियो ।

**तेह्रौ वार्षिक साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु (एजेन्डाहरु) :**

१. **सामान्य प्रस्ताव :**

क) आ.व. २०८०/०८१ सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने ।

ख) आ.व. २०८०/०८१ को लेखापरिक्षकको प्रतिवेदन, २०८१ असाढ मसान्त सम्मको वासलात र आ.व. २०८०/०८१ को आयव्ययविवरण र सोही अवधिको नगद प्रवाह लगायत वित्तिय विवरण उपर छलफल गरि स्विकृत गर्ने ।

ग) आ.व. २०८१/०८२ को कारोवारको हिसाव लेखापरिक्षण गर्नका निमित्त लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक पुनः नियुक्तीको लागि योग्य हुनुहुन्छ )

घ) आ.व.२०८०/०८१ को मुनाफावाट शेयरधनीहरुलाई कम्पनीको हालको चुक्ता पुँजी १,३६,३६,३७,०००/- को १२% ले हुन आउने रु.१६,३६,३६,४४०/-(अक्षरुपी सोह्र करोड छत्तीस लाख छत्तीस हजार चार सय चालीस रुपैयाँ ) नगद लाभांश प्रचलित कानुन बमोजिम कर कट्टी गरी वितरण गर्ने ।

MANDU HYDROPOWER LTD. Regd. 1337/68/069

ङ) यस कम्पनीको कायम चूक्ता पुँजी रु. १,३६,३६,३७,०००/-लाई कम्पनी रजिष्टर्ड कार्यालयमा अध्यावधिक गर्ने निर्णय गर्ने ।

२. **विविध :**

**छलफल तथा निर्णयहरु**

१. **सामान्य प्रस्ताव :**

क) **प्रस्ताव नं.१ (क) उपर छलफल हुँदा** यस कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आर्थिक वर्ष ०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । तत् पश्चात उक्त वार्षिक प्रतिवेदन र आर्थिक बर्ष ०८०/०८१ को वित्तिय विवरण उपर छलफल गर्न शेयरधनीहरुलाई प्रस्ताव गरिएकोमा, शेयरधनीहरु कृष्ण प्रसाद अधिकारी, लक्ष्मण बहादुर श्रेष्ठ तथा सुदिप श्रेष्ठले लिखितमा आफनो राय, सुझाव, प्रतिकृया र जिज्ञाशाहरु राख्नुभयो । जसको सारभूत भनाई निम्नअनुसार छन् ।

- समयमै साधारण सभा गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।
- कम्पनीले १२ प्रतिशत लाभांश वितरण गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।
- हालैको बाढी तथा पहिरोले भएको क्षति वारे तथा विमाको विषयमा जिज्ञाशा राख्नु भयो ।
- कम्पनीले संचालन खर्चमा अपनाएको मितव्ययीताको तथा कम्पनीको चुस्त व्यवस्थापनको प्रशंसा गर्नुभयो ।
- नगद लाभांशको साथमा वोनस शेयरपनि वितरण गरे राम्रो हुने सुझाव पेश गर्नु भयो ।
- कम्पनीले लगानी गरिएको अन्य आयोजना निर्माण सम्पन्न भएपछी हुने प्रतिफल वारे जिज्ञाशा राख्नुभयो ।

कम्पनीको सभामा शेयरधनीहरुले लिखित रुपमा राख्नु भएको राय, सुझाव, प्रतिकृया र जिज्ञाशाहरु प्रति अध्यक्षज्यूले धन्यवाद ज्ञापन गर्दै यस विषम घडीमा कर्मचारीहरु लगायत आयोजनास्थलमा निरिक्षण तथा पुन निमार्ण कार्यमा तत्काल खटिन पर्ने कुरालाई ध्यानमा राखि साधारण सभा सम्पन्न गराउनु भएकोमा धन्यवाद ज्ञापन गर्दै बाढी तथा पहिरोले पुरयाएको क्षति बारे विस्तृत विवरण आएपछी जानकारी गराउने तथा निर्माण कार्य तत्कालै सुरु गरिने जानकारी गराउनु भयो ।

तत् पश्चात अध्यक्षज्यूले आ.व. २०८०/०८१ सञ्चालक समितिको वार्षिक प्रतिवेदनस्विकृत गर्न सभा समक्ष प्रस्ताव गर्नुभयो र उक्त वार्षिक प्रतिवेदन आजको सभाबाट सर्वसम्मतिले स्वीकृत गरियो ।

ख) **प्रस्ताव नं. ख उपर छलफल हुँदा** आजको यस वार्षिक साधारण सभामा संचालक समितिका अध्यक्षज्यूले लेखापरिक्षक श्री **LA & Associates, Chartered Accountants** ले तयार गर्नुभएको आ.व. २०८०/०८१ को लेखा परिक्षकको प्रतिवेदन, वासलात, आय विवरण र सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी उक्त प्रतिवेदन तथा आ.ब. २०८०/०८१ अर्थात २०८० श्रावण १ देखी २०८१ आषाढ

MANDU HYDROPOWER LTD.
Regd.
1337/68/069

मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह यविवरण पारित गर्ने निर्णय गरियो ।

ग) **प्रस्ताव नं. ग उपर वैठकमा छलफल हुँदा**लेखापरिक्षक श्री LA **&Associates** यस कम्पनीको आगामि आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्न पुनः नियुक्तिका लागि योग्य रहनु भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस कम्पनीको आगामि आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्न संचालक समितिको सिफारिस बमोजिम लेखापरिक्षक श्री LA **&Associates** लाई पुनः नियुक्ति गर्ने र निजको पारिश्रमिक (मु.अ.कर बाहेक) वार्षिक रु.१,५०,००० (अक्षरेपी एक लाख पचास हजार रुपैयाँ मात्र) निर्धारण गर्ने निर्णय पारित गरियो ।

घ) **प्रस्ताव नं. घ उपर छलफल हुँदा** सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ.व. २०८०/०८१ को कम्पनीको मुनाफावाट कम्पनीका शेयरधनीहरुलाई कम्पनीको चुक्ता पुँजी रु १,३६,३६,३७,०००/- को १२% ले हुन आउने रु.१६,३६,३६,४४०/-(अक्षरुपी सोह्र करोड छत्तीस लाख छत्तीस हजार चार सय चालीस रुपैयाँ) नगद लाभांश (कर समेत) वितरण गर्ने प्रस्ताव पारित गरियो ।

ङ) **प्रस्ताव नं. ङ उपर छलफल हुँदा** सञ्चालक समितिले सिफारिस गरे बमोजिम यस कम्पनीको कायम चूक्ता पुँजी रु. १,३६,३६,३७,०००/-लाई कम्पनी रजिष्टर्ड कार्यालयमा अध्यावधिक गर्ने निर्णय प्रस्ताव पारित गरियो ।

MANDU HYDROPOWER LTD.
Regd.
1337/68/069